बैठक नं. १०५

आज मिति २०८२ फागुन २७ गते, बुधबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

**विषयहरु :**

१. समपुरक तथा विशेष अनुदानको लागि योजना सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन ।

३. विविध ।

**निर्णयहरु :**

१. आ.व. २०८३/०८४ को लागि बागमती प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने अनुदान अन्तर्गत देहायका योजनाहरुका लागि समपुरक तथा विशेष अनुदान माग गर्ने निर्णय गरियो । साथै समपुरक अनुदानका योजनाको लागि आवश्यक लागत सहभागिताको रकम नगरपालिकाबाट व्यहोर्ने गरी आगामी आ.व. मा आश्यक बजेट व्यवस्था गर्ने निर्णय समेत गरियो :

| क.सं. | विवरण | वडा नं. | ल. ई. | बागमती प्रदेशले व्यहोर्ने रकम | भक्तपुर न.पा.ले व्यहोर्ने रकम | मूलभूत क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| अ) | समपूरक अनुदान | | | २० प्रतिशत | ८० प्रतिशत | | |
| क) | क्रमागत | | | | | | |
| १ | ख्वप अस्पताल परिसरमा सहायक पूर्वाधार निर्माण कार्य | ९ | ३०,०००,०००।०० | ६,०००,०००।०० | २४,०००,०००।०० | सामाजिक क्षेत्र | १ |
| ख) | नया□ | | | | | | |
| २ | समाज सुधार माध्यमिक विद्यालय भवन निर्माण कार्य | ८ | ३०,०००,०००।०० | ६,०००,०००।०० | २४,०००,०००।०० | सामाजिक क्षेत्र | २ |
| ३ | दूधपाटी बहुउद्देश्यीय भवन निर्माण कार्य | १ | २९,०४५,६३८।३७ | ५,८०९,१२७।६७ | २३,२३६,५१०।७० | सामाजिक क्षेत्र | ३ |
| | कुल रकम | | ८९,०४५,६३८।३७ | १७,८०९,१२७।६७ | ७१,२३६,५१०।७० | | |
| आ | विशेष अनुदान | | | | | | |
| क) | नया□ | | | | | | |
| १ | राममन्दिरदेखि केटामरू घाटसम्मको हनुमन्ते खोलामा रिटेनि□ वाल निर्माण कार्य | ५ | ९,९८५,६७७।३३ | ९,९८५,६७७।३३ | ——— | विपद् व्यवस्थापन तथा अन्य क्षेत्र | १ |
| २ | सिहंख्वातेमा खानेपानी ट्या□ निर्माण कार्य | १ | ९,९५८,२५७।५३ | ९,९५८,२५७।५३ | ——— | खानेपानी क्षेत्र | २ |
| ३ | लिबालीमा डिप बोरिङ खानेपानी योजना | ८ | ५,६३५,८१६।२९ | ५,६३५,८१६।२९ | ——— | खानेपानी क्षेत्र | ३ |
| | कुल रकम | | २५,५७९,७५१।१५ | २५,५७९,७५१।१५ | | | |

२. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. निर्माण समिति**

मिति २०८२।११।१९ गतेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई. □कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्या□न रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | महेश्वरी खेल मैदानमा प्यारापित निर्माण कार्य | ७ | नपा | २८,२१९,७१९।७३ | | | | | | | | |
| २ | ख्वप अस्पताल परिसरमा सहायक पूर्वाधार निर्माण कार्य | ९ | बागमती प्रदेश समपूरक अनुदान | ३८,६९०,३१९।९६ | | | | | | | | आगामी आ.व.मा थप बजेट व्यवस्था गरी क्रमागत रूपमा योजना सञ्चालन गर्ने |
| ३ | शिशु स्याहार केन्द्रमा सीसीटीभी सर्भिलेन्स प्रणाली जडान कार्य | ७ | सीसी क्यामेरा जडा तथा मर्मत | ९७,४८३।२८ | | | | | | | | |
| ४ | गोसाई दु□धारा पुन:निर्माण कार्य | ५ | बागमती प्रदेश सशर्त (चालु) | १,०००,०००।०० | | | | | | | | |
| ५ | सीसीटीभी सर्भिलेन्स जडान कार्य (कमलविनायक बसपार्कमा) | १० | सीसी क्यामेरा जडा तथा मर्मत | १४३,८५५।९६ | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सीसीटीभी सर्भिलेन्स जडान कार्य (महालक्ष्मी स्थान र ६ वडा कार्यालयमा) | ६, १० | सीसी क्यामेरा जडा तथा मर्मत | २६९,९९१।९३ | | | | | | | | | |
| ७ | पुरानो जगाती पुलसम्म बाटो ढलान गर्ने कार्य | ८ | सडक स्तरोन्नती | ७०३,९२४।९० | | | | | | | | | |
| ८ | कासनदेखि बहरिकेसम्म खोला सफाइ कार्य | २ | खोला तथा घाट सुधार कार्य | ६४४,८८१।२४ | | | | | | | | | |
| ९ | बेखाल स्वास्थ्य चौकी र टेबुल टेनिस कभर्ड हल अगाडिको खुला ठाउमा पूर्वाधार निर्माण कार्य | १० | बागमती प्रदेश सशर्त (चालु) | ३,४९२,१०२।३६ | | | | | | | | | |
| १० | तपाके सडकमा ढल व्यवस्थापन कार्य | १ | ढल निकास पूर्वाधार | ५७५७३९।०४ | | | | | | | | | |
| **रि.ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | | |
| १ | भाजु पाखरी दक्षिण तर्फको बाटो ढ□ छपाई कार्य | १ | नपा | ५,५२३,२१०।९५ | ५,९६१,१८१।९९ | | | | | | | | |
| २ | ब्रम्हायणी द्योछेंको दक्षिण तर्फको लिवि जाने गल्लीमा ढल निकास सुधार तथा बाटो मर्मत कार्य | ९ | ढल निकास | १,१६०,४०१।७९ | १,१६५,६६८।१५ | | | | | | | | |
| **ग)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तेखापुखुदेखि च्वडा गणेश ख्योछेसम्मको ढु□ा छपाई बाटो मर्मत कार्य | १ | सडक बोर्ड नेपाल . नपा | १,१८४,६८४।४३ | | | उ.स.अ. : श्री राजाराम पञ्च<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | |
| २ | इटाछेंदेखि तह्मसम्मको ढु□ा छपाई बाटो मर्मत कार्य | २ | सडक बोर्ड नेपाल . नपा | १,२०२,७६५।२८ | | | उ.स.अ. : श्री पुण्यराम देशेमरू<br>अ.स.स. : श्री श्यामसुन्दर मातां | | | |
| ३ | थुचो चोकदेखि मंगलतीर्थको ध्वाकासम्म को ढु□ा छपाई बाटो मर्मत कार्य | ४ | सडक बोर्ड नेपाल . नपा | १,१८७,७४७।२९ | | | उ.स.अ. : श्री रामकृष्ण मुलगुठी<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | |
| ४ | त्रिपुरासुन्दरी मन्दिरदेखि सुकुलढोसम्म को ढु□ा छपाई बाटो मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल . नपा | १,२०५,९६९।९९ | | | उ.स.अ. : श्री रस्किन आचार्य<br>अ.स.स. :श्री नारायण प्रसाद त्वानाबु | | | |
| ५ | सकोलान देखि सल्ला गणेश सम्मको ढु□ा छपाई बाटो मर्मत कार्य | ९ | सडक बोर्ड नेपाल . नपा | १,१९४,६९३।१८ | | | उ.स.अ. : श्री राजु मानन्धर<br>अ.स.स. : श्री इन्द्रबहादुर प्याथ | | | |
| ६ | दथुत्वचादेखि नागपोखरी सम्मको ढु□ा छपाई बाटो मर्मत कार्य | १० | सडक बोर्ड नेपाल . नपा | १,१८४,७९२।७४ | | | उ.स.अ. : श्री रमेश दुवाल<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | |
| ७ | सिलखेस्थित वर्कशपमा विद्युतीय कार्य | १० | मर्मत | ४६६,९४०।७९ | | | उ.स.अ. : श्री गोविन्दराम थुसा<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | |
| ८ | भुलान्चाबाट चम्पकेश्वर जाने सडकमा रिटेनि□ वाल र ग्राभेलि□ कार्य | ४ | सडक स्तरोन्नति कार्य योजना | १,६०३,५८२।२८ | | | उ.स.अ. : श्री लक्ष्मीभक्त सुवाल<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | |
| ९ | श्री आदि पद्म महाविहार जीर्णोद्धार दोस्रो चरणको कार्य | ९ | नपा | ३,९३२,८४०।२० | | | उ.स.अ. : श्री सुप्रबुद्ध शाक्य<br>अ.स.स. : श्री इन्द्रबहादुर प्याथ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | भाजु पोखरी परिसरमा सीसीटीभी सर्भिलेन्स प्रणाली जडान कार्य | १ | सीसी क्यामेरा जडा तथा मर्मत | ६६३,५७७।६० | | | उ.स.अ. : श्री स्वस्थानी शर्मा<br>अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ११ | दरबार स्क्वायर स्थित सार्वजनिक शौचालय पुनः निर्माण कार्य | २ | विपद व्यवस्थापन | ६,३४२,१५४।९२ | | | उ.स.अ. : श्री सरोज दथेपुथे<br>अ.स.स. : श्री न्हुछेराम कोजु | | | | | |
| **घ)** | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भाजु पाखरी दक्षिण तर्फको बाटो ढ□ छपाई कार्य | १ | नपा | ५,९६१,१८१।९९ | | १,८००,००।०० | ३,८४६,४६८।४८ | २,०४६,४६८।४८ | ५,०४७,७१४।०० | आंशिक सम्पन्न | लक्ष्मीनारायण राजलवट | |
| २ | आदर निकेतन सञ्चालन गर्न भवन फिनिसि□ कार्य | ६ | आदर निकेतन पूर्वाधार विकास तथा फार्निचर खरिद | १,२७७,२८३।२० | | ४२०,०००।०० | ९,२८,५५८।४१ | ५,०८,५५८।४१ | ९,२८,५५८।४१ | सम्पन्न | जगनाथ सुजखु | |
| ३ | शित भण्डारण भवनको लागि टान्सफर्मर तथा जेनेरेटर खरिद तथा जडान कार्य | ८ | नपा | ल.ई. रकम ५१,६९,७९९।२४ | कबोल अंक ४६,६१,२५०।०० | | ४६,६१,२५०।०० | ४६,६१,२५०।०१ | ४६,६१,२५०।०२ | सम्पन्न | **RMS International Pvt. Ltd, Subidhanagar Koteswor-32, काठमाडौं** | |
| ४ | च्यासी मण्डप संगैको धु□धारा मर्मत कार्य | ३ | नपा | ७३१,४१०।२२ | | २४०,०००।०० | ३०८,९५४।०० | ६८,९५४।०० | ३११,८५८।३० | आंशिक सम्पन्न | विन्दिरा शिल्पकार | |
| ५ | ब्रम्हायणी द्योछेंको दक्षिण तर्फको लिवि जाने गल्लीमा ढल निकास सुधार तथा बाटो मर्मत कार्य | ९ | ढल निकास | १,१६५,६६८।१५ | | ३५०,०००।०० | ६५८,७४२।५९ | ३०८,७४२।५९ | १,०६७,३५०।१३ | सम्पन्न | महेन्द्र प्रजापति | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | भनपा भवनको कौशीको फलामे भऱ्याङ निर्माण कार्य | २ | मर्मत | २९,१८८।३८ | | | २८,२४४।३१ | २८,२४४।३१ | २८,३८९।५१ | सम्पन्न | सुरेन्द्र नकर्मी | |
| ७ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (पुस महिना) | १-१० | मर्मत | ८५,४७६।०० | | | ८१,०००।०० (ज्याला) | ८१,०००।०० (ज्याला) | ८४,७५८।५० | सम्पन्न | राधे श्याम भैनात्व | |
| ८ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (माघ महिना) | १-१० | मर्मत | ५७,५९०।३० | | | ४३,८००।०० (ज्याला) | ४३,८००।०० (ज्याला) | ५०,४५०।०० | सम्पन्न | राधे श्याम भैनात्व | |
| ९ | भेलुखेल पार्किङ पूर्वाधार निर्माण कार्य (दोस्रो चरण) | ५ | नपा | ५,५७६,१६१।४७ | प्रथम पेश्की | १,५००,०००।०० | २,२०५,८२१।७६ | ७०५,८२१।७६ | २,३०६,९५२।८७ | आंशिक सम्पन्न | रामप्रसाद फसिकवा | दोस्रो पेश्की फछ्र्यौट गरी नपुग रू. ४,७१,८३७९३ भुक्तानी दिने |
| | | | | | दोस्रो पेश्की | १,५००,०००।०० | १,९७१,८३७९३ | ४७१,८३७९३ | २,२००,५०८।८५ | | | |
| | | | | | **जम्मा** | **३,०००,०००।००** | **४,१७७,६५९।६९** | **१,१७७,६५९।६९** | **४,५०७,४६१।७२** | | | |

| योजनाहरूको लागि बजेट स्रोत सुनिश्चितताका लागि बजेट संशोधन सम्बन्धमा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चालु आ.व. २०८२□८३ मा देहायका योजनाहरूको लागि विनियोजित रकममा अपुग भएकोले सो योजनाको लागि बजेट स्रोत सुनिश्चित गर्न देहाय बमोजिम रकमान्तरण गर्ने गरी बजेट संशोधन गर्न नगर सभामा सिफारिस गर्ने निर्णय गरियो । | | | | | | | | | | |
| क्र.सं. | विनियोजित बजेट शीर्षकको योजनाको नाम | साविक बजेट | घटाइएको बजेट | संशोधित बजेट | क्र.सं. | बजेट नपुग योजनाको नाम | वडा नं. | साविका बजेट | थप बजेट | संशोधित बजेट |
| १. | जग्गा खरिद कार्य | ४०,०००,०००।०० | २५,०००,०००।०० | १५,०००,०००।०० | १. | ख्वप कलेज अफ लको भवन निर्माण कार्य | १० | ( | १०,०००,०००।०० | १०,०००,०००।०० |
| | | | | | २ | वडास्तरीय योजनाहरू | १-१० | ५०,०००,०००।०० | १०,०००,०००।०० | ६०,०००,०००।०० |
| | | | | | ३ | मर्मत | १-१० | १०,०००,०००।०० | ५,०००,०००।०० | १५,०००,०००।०० |

## ख. शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०८२।१०।२५ गते बसेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

1. **अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण गर्ने सम्बन्धमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट जारी भएको अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि**

२०८१ बमोजिम अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धमा आवश्यक अनुसन्धान गरी प्रस्ताव पेश गर्न ख्वप कलेज अफ ल बाट च.नं १०६, २०८२/०८३ मिति २०८२।१०।२३ गतेको पत्रबाट प्राप्त प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । उक्त अध्ययन देहायका विषयमा गर्ने गरी कार्यादेश दिने निर्णय गरियो :

क. कवांचा प्याखं ख. पा वासः ग. भादगाउँले टोपी घ. जुजु धौ ङ. कसिमला पाय्

२. भ.न.पा. वडा नं ७ स्थित डम्वरेश्वर भजन मण्डलको तर्फबाट पेश भएको भजन पुस्तक पुनः मुद्रणको लागि मिति २०८२।५।१९ मा निवेदन पेश भएको हुँदा उक्त कार्यका लागि रु.२५,०००।- (अक्षेरुपी पच्चिस हजार रुपैयां) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

३. गोपाल हेल्थ केयर इन्टरप्राइजेजले पेश गरेको Tripad खरिदको रकम भुक्तानी पाऊँ भनी पेश गरेको निवेदन प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी भुक्तानी दिने निर्णय गरियो ।

४. नगरपालिकाबाट विभिन्न वडामा सञ्चालन हुने गृहकार्य सहयोग कक्षा सञ्चालन सम्बन्धमा शैक्षिक सामाग्री रु.५,०००।- (वार्षिक) र प्रतिशिक्षक मासिक रु.४,०००।- प्रदान गर्ने र उक्त रकम वडाबाट भुक्तानी गरी नगरपालिकाबाट शोधभर्ना प्रदान गर्ने निर्णय गरियो ।

मिति २०८२।११।१७ गते बसेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. यस नगरपालिकाबाट 'सय वर्ष पछिको भक्तपुर' पुस्तक छपाई गर्न दरभाउ माग भएकोमा सबैभन्दा कम दरभाउ प्रति पुस्तक रु १४३।- (अक्षेरुपी एक सय त्रियालिस रुपैयाँ) पेश गर्ने श्री मित्रता छापाखानाको प्रस्ताव स्वीकृति गरी ६५०० प्रति छपाई गर्न कार्यादेश दिने निर्णय गरियो । उक्त पुस्तकको मूल्य रु.३५०।- निर्धारण गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाका विभिन्न गतिविधि, लेख, सम्बन्धित विषयवस्तुहरु समावेश गरी अंग्रेजी भाषाको आवधिक रुपमा पुस्तक (पत्रिका) प्रकाशन गर्ने सम्बन्धमा आवश्यक तयारी गर्न उपप्रमुख श्री रजनी जोशीको संयोजकत्वमा वडा नं. ५ का वडाअध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें र क.अ. (सातौं तह) श्री जौवन कोजु सदस्य रहने गरी समिति गठन गरी आवश्यक कार्यादेश प्रदान गर्ने निर्णय गरियो ।

## ३. <u>विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :</u>

क. यस न.पा.को बा प्र ०१ ००१ ग ४१३८ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.१६,७५४।- र बा प्र ०१ ००१ ग ४१३७ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु. १६,७५४।- गरी कुल जम्मा रु. ३३,५०८।- जी. एफ. आई. सर्भिसेस् काठमाडौं प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. यस न.पा.को बा २ च ६०४९ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.२,५६,७२८।- र बा ५ च २५२८ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.६७,५२८।- गरी कुल जम्मा रु. ३,२४,२५६।- युनाइटेड अटो सोलुसन प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

ग. यस न.पा.को बा १ क ३५५८ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु. ३१,५८३।- सिद्धि गणेश मोटर पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

घ. यस न.पा.को BAB 7277 नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.८,६५०।- र BAB 8653 नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.९,७५०।- गरी कुल जम्मा रु.१८,४००।- पूर्ण अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ङ. यस न.पा.को बा १ क ४५५४ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.१०,०५०।- एस. जी. वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

च. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु.८०,५५०।- दिव्या स्विट्स एण्ड फुड्स्लाई भुक्तानी दिने निर्णय गरियो ।

छ. यस न.पा. मा विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु.२८,०८०।- बदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. यस न.पा.को बा १ क ९१३४ नं को गाडीमा टायर पंचर टाले वापत रु. ४,५००।- ड्राईभर दिनेश बासीलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. यस न.पा.को बा प्र ०८ ००१ क्ष नं. को गाडीमा टायर पंचर टाले वापत रु.१,२००।- ड्राईभर सुदिल गोसाईलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. यस न.पा.को बा १ क ३५५९ नं. को गाडीमा टायर पंचर टालेवापतको रु. ४,६००।- ड्राईभर रुकेश सुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

ट. यस न.पा.को बा १ क ९०२५ नं. को गाडीमा टायर पंचर टाले वापत रु.८,८५०।- ड्राईभर आशभक्त बंशमणीलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. यस न.पा.को बा १ ग ३२४० नं. को गाडीमा टायर पंचर टाले वापत रु.२,०५०।- ड्राईभर रुकेश सुवाललाई भुक्तानी दिने निर्णय गरियो ।

ड भक्तपुर नगरपालिकाको विविध खर्च गर्न का.स दयाराम आगंजालाई रु १०,०००।- पेश्की दिएकोमा जम्मा खर्च १३,०७०।- समर्थनका साथै पेश्की फछ्र्यौट गरी नपुग रु. ३०७०।- भक्तानी र थप १०,०००।- पेश्की दिने निर्णय गरियो ।

**ढ. पसल बहालमा दिने सूचना प्रकाशित गर्ने सम्बन्धमा :**

भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेका देहायको पसल कवल तथा शौचालय बहालमा दिने सम्बन्धी यस अघिको सूचना अनुसार बहालमा नलागेकोमा निम्नानुसार प्रस्तावित बहाललाई न्यूनतम बहाल कायम गरी पुनः बहालमा दिने सम्बन्धी ७ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं | पसल । शौचालय कवलको विवरण | वडा नं. | साविक तोकिएको न्यूनतम बार्षिक बहाल (रु.) | प्रस्तावित न्यूनतम बार्षिक बहाल अंक (रु.) |
|---|---|---|---|---|
| १. | कमलविनायकस्थित नमूना भवन पसल नं. १ | १० | ५,७६,१३४।- | ४,९२,०००।- |
| २ | कमलविनायकस्थित नमूना भवन गोदाम कोठा नं. १ | १० | १,८०,०००।- | १,४४,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ३ | कमलविनायकस्थित नमूना भवन गोदाम कोठा नं. २ | १० | १,८०,०००।- | १,४४,०००।- |
| ४ | दत्तात्रय क्षेत्रस्थित सार्वजनिक शौचालय | ९ | ३६,०००।- | ३०,०००।- |

**ण. विज्ञापन करको लागि दरभाउपत्र आह्वान गर्ने सम्बन्धमा :**

भक्तपुर जिल्लाभित्र पर्ने अरनिको राजमार्गमा रहेका ४ वटा आकाशे पुलहरुको यस भक्तपुर नगरपालिका क्षेत्र तर्फ पर्ने आधा भागमा विज्ञापन सामाग्री राखी विज्ञापन गर्न दिनको लागि साविक विज्ञापन कर वार्षिक रु. ६,४४,२०४।- (अक्षेरुपी रु. छ लाख चवालिस हजार दुई सय चार रुपैयाँ) लाई न्यूनतम अंक कायम गरी इच्छुक व्यक्ति तथा संघ संस्थालाई सूचित गरी दरभाउ पत्र आह्वान गर्नको लागि ७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**त. राजश्व व्यवस्थापनमा सुत्र (suTRA) प्रणालीको पूर्ण प्रयोग सम्बन्धमा:**

यस नगरपालिकाको राजश्व असुली लगायत राजश्व व्यवस्थापनको कार्य हाल सांग्रिला माइक्रोसिस्टम लगायतका कम्पनीहरुको सफ्टवेयरबाट गरिंदै आएको र सो को प्रविष्टि स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (suTRA) मा गरी आंशिक रुपमा सुत्र प्रणालीको प्रयोग गरिएकोमा सुत्र प्रणालीको पूर्ण प्रयोग गर्ने सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको पटक पटकको अनुरोध र महालेखा परीक्षकको प्रतिवेदन मार्फत सुझाव समेत प्राप्त भएकोले आगामी आ.ब. २०८३।०८४ देखि राजश्व व्यवस्थापनमा सुत्र (suTRA) प्रणालीको पूर्ण रुपमा प्रयोग गर्ने निर्णय गरियो । साथै सुत्र प्रणालीको व्यवस्थित प्रयोगको लागि कर्मचारीलाई तालिम, सञ्चालन सहयोग साथै लामो समयदेखिको आर्थिक ऐनहरुको प्रविष्टि, व्यक्तिगत तथा संस्थागत करदाताहरुको विवरण प्रविष्टि र बक्यौता लगत समेत सुत्र प्रणालीमा प्रविष्टिका लागि नगरपालिकामा सूचिकृत परामर्शदातृ फर्महरुबाट गराउनको लागि दरभाउ पत्र माग गर्ने निर्णय गरियो ।